# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०८/२७ गते

यस सामुदायिक वन उपभोक्ता सामुदायिक वन क्षेत्रको खण्ड ५ मा पुनरुत्पादन अभिवृद्धि कार्यको लागि वन व्यवस्थापन कार्य गर्दा उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १५२१ मिति २०८२/०८/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, सिसौ, जामुन, कर्मा, असना, कुसुम जातका कुल जम्मा गोलिया थान २५२ को २३७४.१२ क्यू.फिट काठ तथा साल जातको २ चट्टा र अन्य जातको ३८ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री कन्यश्वरी सामुदायिक वन उपभोक्ता समूह

राप्तीसोनारी-०५, बाँके